# राप्ती नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
हर्दी, भण्डारा, चितवन
प्रदेश नं. ३, नेपाल
२०७३

☎:०५६-५५००१५

प.सं.

च.नं.


मितिः २०७५।७।८

**विषय : विपन्न लक्षित छात्रवृत्तिका लागि फाराम भर्ने भराउने सम्बन्धी सूचना।**

श्री राप्ती नगरपालिका अन्तर्गतका सामुदायिक विद्यालयहरु
(कक्षा ८ र सो भन्दा माथि कक्षा संचालन भईरहेका)

प्रस्तुत विषयमा शिक्षा तथा मानव स्रोत विकास केन्द्र र विद्यार्थी वित्तिय सहयोग कोष विकास समितिको सहकार्यमा कक्षा ९-१२ सम्म अध्ययनरत माध्यमिक तहका विद्यार्थीहरुका लागि विपन्न लक्षित छात्रवृत्ति कार्यक्रम संचालन भईरहेको व्यहोरा अवगतनै छ ।सो छात्रवृत्ति प्राप्त गर्न इच्छुक विद्यार्थीहरुबाट फाराम भर्ने भराउने व्यवस्थाका लागि मिति २०७५ असौज १६ गतेको गोरखापत्रमा सूचना प्रकाशन भएकोले सो सूचना समेतका आधारमा यस वर्ष कक्षा ८, १० र ११ मा अध्ययनरत विद्यार्थीहरुबाट दरखास्त फाराम भरी भराई मिति २०७५ कार्तिक १५ गते भित्र यस कार्यालयमा पेश गर्नुहुन अनुरोध छ । आवेदन फाराम शिक्षा तथा मानव स्रोत विकास केन्द्रको वेवसाईट www.doe.gov.np तथा विद्यार्थी वित्तिय कोष विकास समितिको वेवसाईट www.sfafdb.edu.np बाट डाउनलोड गर्न सकिने छ ।तोकिएका सूचकहरुको आधारमा विद्यार्थी वित्तिय कोष विकास समितिबाट छात्रवृत्तिका लागि छनौट हुने हाल कक्षा ८ मा अध्ययनरत विद्यार्थीले शैक्षिक सत्र २०७६ देखि कक्षा ९ मा अध्ययन गर्न वार्षिक ६०००।, हाल कक्षा १० मा अध्ययनरत विद्यार्थीले शैक्षिक सत्र २०७६ मा कक्षा ११ मा विज्ञान विषय अध्ययन गरे वार्षिक २४०००, अन्य विषय अध्ययन गरे वार्षिक १८०००।का दरले छात्रवृत्ति प्राप्त गर्नेछन् । यस शैक्षिक सत्रमा कक्षा ११ अध्ययनरत विद्यार्थीहरुले यसै वर्ष देखि छात्रवृत्ति प्राप्त गर्ने व्यहोरा समेत अनुरोध छ ।

हुमकान्त अधिकारी

शाखा अधिकृत